भर्ना सम्वन्धि विस्तृत जानकारी अनुसूची-१

# काठमाडौँ फरेष्ट्री कलेज

चन्द्रागिरी -८, मातातिर्थ , काठमाडौँ

*यस कलेजमा डिप्लोमा इन फरेष्ट्रीमा २०८३ /८४ मा भर्नाको लागि आवेदन फारम खुल्यो !*

## डिप्लोमाको भर्नाको लागि लिइने आवेदन फाराम-२०८३ भर्नु भन्दा पहिले थाहा पाउनु पर्ने कुराहरु

---

१. भर्ना आवेदन फारम भर्ने अन्तिम मिति : २०८३ /०२ /१३ गते भित्र ।

२. भर्नाको लागि जम्मा सिट संख्या : ४०

कोटा : (क) पूर्ण शुल्किय लक्षित वर्ग - १०% (४ सिट )

(ख) पूर्ण शुल्कीय प्री-डिप्लोमा /प्रा. एस.एल.सि -१०% (४ सिट)

(ग) वर्गीकृत छात्रवृत्ति-३ जना (सम्वन्धित विद्यार्थीले CTEVT को वेवसाईटमा गई फारम भर्नु पर्छ, CTEVT ले छनोट गरी सिफारिस भई आए अनुसार यस कलेजमा भर्ना हुन्छ)

(घ) पूर्ण शुल्किय खुल्ला -माथि उल्लेखित कोटा वाट वाँकी २९ सिट ।

नोट : कोटा अनुसार छुट्टा छुट्टै प्रतिष्पर्धा गराउनु पर्ने भएकोले माथि उल्लेखित (क ), (ख) र ( घ) को लागि छुट्टा छुट्टै फारम भर्नु पर्ने हुन्छ, एक जना परीक्षार्थीले आफु योग्य हुने कुनै एउटा मात्र कोटामा फारम भर्नु पर्ने हुन्छ ।

(ङ) जेहेन्दार छात्रवृत्ति -१ जना : पूर्ण शुल्किय आवेदन फारम मध्ये वाटै छनोट हुने ।

माथि (ग) र (ङ) मा उल्लेखित छात्रवृत्ति र उक्त छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी वाहेक कलेजमा अध्ययनरत विद्यार्थीहरु मध्ये वाट प्रत्येक वर्ष वार्षिक परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने १ जना छात्र र १ जना छात्रालाई आंशिक छात्रवृत्ति प्रदान गरिने छ|

३. भर्नाको लागि चाहिने निम्नतम शैक्षिक योग्यता:

(क मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी, गणित र विज्ञान विषय लिई SLC उतिर्ण वा सोहि विषयहरु लिई SEE परीक्षामा समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा १.६ जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको ।

नोट: तोकिएको कार्यक्रमको लागि आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता नपुगी ग्रेड वृद्दिका लागि एस.ई.ई मौका परीक्षामा सहभागी हुने प्रावधान भएमा र सोहि अनुसार समावेश हुने परीक्षार्थीहरुले प्रवेश परीक्षामा सामेल हुन सक्ने छन, तर तोकिएको समयमा ग्रेड वृद्दिका लागि एस. ई.ई को मौका परीक्षाको नतिजा प्रकाशित भई नसकेको अवस्थामा पनि भर्ना लिन सकिने छ र ग्रेड वृद्दि नभएमा सो भर्ना स्वत: रद्द हुने छ .

४. पूर्ण शुल्किय (खुल्ला) तर्फको आबेदन फारम साथ पेश गर्नु पर्ने कागजपत्रहरु :

१. शैक्षिक योग्यताको प्रमाणपत्र ( चारित्रिक प्रमाण पत्र र लाव्धांक पत्र /ग्रेड शिट)
२. प्रष्ट मुखाकृति देखिने हालै खिचेको पासपोर्ट साइज (35mm x 45mm) को २ प्रति रंगिन फोटो
३. नेपाल बाहिरको एस. एल सी भए समकक्षताको प्रमाण पत्र तथा माइग्रेसन को प्रमाणित प्रतिलिपि
४. नेपाली नागरिकताको प्रमाणपत्र वा जन्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि .
५. चारित्रिक प्रमाण पत्र तत्काल उपलव्ध नभए नेट वाट प्रिन्ट गरेको ग्रेड शिट संगै प्रवेश पत्र (Admit-Card) अनिवार्य रुपमा पेश गर्नु पर्ने छ /

६. पूर्ण शुल्किय (लक्षित वर्ग) तर्फको आबेदन फारम साथ पेश गर्नु पर्ने कागजपत्रहरु :

१. शैक्षिक योग्यताको प्रमाणपत्र ( चारित्रिक प्रमाण पत्र र लाव्धांक पत्र /ग्रेड शिट)

२. प्रष्ट मुखाकृति देखिने हालै खिचेको पासपोर्ट साइज (35mm x 45mm) को २ प्रति रंगिन फोटो
३. नेपाल बाहिरको एस. एल सी भए समकक्षताको प्रमाण पत्र तथा माइग्रेसन को प्रमाणित प्रतिलिपि .
४. नेपाली नागरिकताको प्रमाणपत्र वा जन्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि .
५. चारित्रिक प्रमाण पत्र तत्काल उपलब्ध नभए नेट वाट प्रिन्ट गरेको ग्रेड शिट संगै प्रवेश पत्र (Admit-Card) अनिवार्य रुपमा पेश गर्नु पर्ने छ /
६. निम्न अनुसारका प्रमाणित कागजहरु मध्ये तपाई कुन वर्ग वाट प्रतिनिधित्व गर्ने हो , त्यसको लागि आफ्नो वर्ग खुल्ने प्रमाणित कागज पेश गर्नु पर्दछ:

(क) दलित वर्ग- यसको लागि राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालय वा सम्वन्धित पालिका कार्यालयको सिफारिश पत्र वा दलित परिचय पत्रको प्रमाणित प्रतिलिपि ।

(ख) मधेशी / मुश्लिम वर्ग- सम्वन्धित पालिका वा जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(ग) आदिवासी/जनजाती- नेपाल आदिवासी/ जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्वन्धित पालिका वा जिल्लाप्रशासन कार्यालयको सिफारिश पत्र वा ती निकाय वाट प्रमाणित गरिदिएको आदिवासी / जनजाती प्रमाण पत्रको प्रतिलिपि ।

(घ) पिछडिएको दुर्गम क्षेत्रमा वसोवास गर्ने वर्ग- अन्तर्गत अछाम, कालिकोट, जाजरकोट, जुम्ला,डोल्पा,वझांग,वाजुरा ,मुगु र हुम्ला जिल्ला वाटै निम्नतम शैक्षिक योग्यता प्राप्त गरेको तथा स्थायी वसोवास गरेको भन्ने सम्वन्धित पालिका कार्यालयले जारी गरेको सिफारिस पत्र वा प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(ङ) वेपत्ता पारिएका व्यक्ति र शहिद परिवार तथा घाईते वा निजको परिवार- वि.सं. २०६२/६३को जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सवै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवार /जन आन्दोलन घाईते परिवार /द्वन्द पिडित/ विस्थापित हो भनि सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र तथा नाता प्रमाणित कागज

(च) अपाङ्ग वर्ग- यसको लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा अपाङ्ग परिचय पत्रको प्रमाणित प्रतिलिपि ।

(छ) खस /आर्य - सम्वन्धित पालिकाको प्रमाणित पत्र

(ज) थारु - सम्वन्धित पालिकाको प्रमाणित पत्र

६. भर्ना आवेदन तथा भर्ना प्रक्रिया शुल्क : रु.१००० /- प्रति फारम ( उक्त रकम यस काठमाडौँ फरेष्ट्री कलेजको नाममा नविल वैंक लिमिटेड, ग्वार्को/वालकुमारी शाखा ललितपुरमा रहेको कल खाता नं ५००६०१७५००००६ मा जम्मा गरी त्यसको भौचर (Bank Deposit Slip) माथि उल्लेखित कागजपत्र संगै पेश गर्नु पर्छ) वा यहाँ उपलब्ध गराईएको QR code मार्फत भुक्तानी गरी त्यसको स्क्रिन शट पेश गर्ने




७. ३ वर्ष अध्ययनको लागि लाग्ने शुल्क (कलेजलाई बुझाउनु पर्ने ): जम्मा शुल्क रु. २,५०,००० + रु.२२५० ( दुर्घटना विमा शुल्क-प्रतिवर्ष रु. ७५०ले)= जम्मा रु. **२,५२,२५०/- ( दुई लाख बाउन्न हजार दुई सय पचास रुपैंया)**
(भर्ना भएका प्रत्येक विद्यार्थीको रु. ५,००,००० /- वरावरको दुर्घटना विमा यसमा समावेश गरिएको छ)

८ . यस सम्वन्धि विस्तृत जानकारीको लागि निम्न फोन नम्वरमा सम्पर्क गर्न सकिने छ:
काठमाडौँ फरेष्ट्री कलेज,
चन्द्रागिरी-८, मातातिर्थ , काठमाडौँ
सम्पर्क फोन: ०१-५१४७२११, ९८४१२८६२०१,९८४१५०४७७१